# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)**

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६ गतेको निर्णयानुसार कम्पनीका रिक्त पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तरर्गतका पदमा कर्मचारी सेवा, सर्त सुबिधासम्बन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालयको मानव संसाधन विभागमा रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | जेष्ठताद्वारा बढुवा |
|---|---|---|---|---|---|---|---|
| २ | ०१/८१-०८२ | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | २ | २ |
| ३ | ०२/०८१-०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | १ | १ |

**द्रष्टब्यः**

१. जेष्ठताद्वारा हुने बढुवाका लागि कार्यसम्पदान मूल्याङ्कनको गणना आ.व.२०८०/०८१ को असार मसान्तसम्मको हिसाबले गरिनेछ।

२. **परीक्षा दस्तुरः**-अधिकृत तह-६ को लागि रु.१,०००।-, वरिष्ठ सहायक, तह-५ का लागि रु.८००।-तोकिएको छ। तोकिएको दरखास्त दस्तुर कम्पनीको एभरेष्ट बैंक लिमिटेड, नयाँबानेश्वर, काठमाडौं शाखाको हि.न. ००१००१०५२०२२८१ KHADHYA BYABASTHA TATHA BYAPAR CO.LTD जम्मा गर्नुपर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले ३० औं दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन ।

४. दरखास्त फाराममा उल्लेख भएबमोजिम आवश्यक कागजात र विवरण भरी पेश नगर्ने उम्मेदवारहरूको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

५. जेष्ठताद्वारा हुने बढुवाका लागि न्यूनतम् सेवा अवधि पुगेका कार्यरत कर्मचारीले कम्पनीको वेभसाइट www.fmtc.org.np बाट फाराम downloads मा गई फाराम downloads गरी फाराम भरी आवश्यक कागजात सहित प्रधान कार्यालयको मानव संसाधन विभागमा बुझाउनु पर्नेछ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट, द्धिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन ।

८. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ ।

९. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव

पदपूर्ति समिति